नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

२०७८ भदौ १३

# अन्तरपार्टी निर्देशन–१२

नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटीको बैठक यही २०७८ भदौ ८ गते र केन्द्रीय कमिटीको बैठक भदौ १० गते तुलसीलाल स्मृति प्रतिष्ठान, ललितपुरमा सम्पन्न भएका छन् । नेकपा (एमाले) भित्र प्रकट भएको पार्टीविरोधी गतिविधि, गुटबन्दी र विभाजनकारी क्रियाकलापको अन्त्य गरी पार्टीलाई एकताबद्ध ढंगले अघि बढाउने प्रयत्नस्वरुप गठित कार्यदलले प्रस्तुत गरेको प्रस्तावमा उल्लिखित सुझावहरूको कार्यान्वयन समेतको सन्दर्भमा आयोजना भएका यी दुवै बैठकको विशेष महत्व रहेको छ । उक्त बैठकहरूले गरेका निर्णयहरू र निकालेका निष्कर्षहरू मातहत कमिटी र पार्टी सदस्यहरुसमक्ष जानकारी एवं कार्यान्वयनका निम्ति यो अन्तरपार्टी निर्देशन जारी गरिएको छ ।

## १. ‘नेकपा (एमाले)मा विद्यमान समस्या समाधानसम्बन्धी प्रस्ताव’ कार्यान्वयन सम्बन्धमा

नेकपा (एमाले)को आन्तरिक जीवनमा विगत लामो समयदेखि समस्या, कटुता र असमझदारी पैदा हुँदै आएको र यसले पार्टीलाई गम्भीर रुपले प्रभावित गरेको तथ्यसँग हामी सबै परिचित नै छौं । समस्या उत्पन्न भएसँगै यसको समाधानका लागि अध्यक्ष कमरेड केपी शर्मा ओली लगायत नेतृत्व तहबाट औपचारिक र अनौपचारिक हिसाबले प्रयत्न हुँदै आएको कुरासँग पनि कमरेडहरू अवगत नै हुनुहुन्छ । यसै सिलसिलामा २०७८ जेठ १ गते १० सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदलले लामो प्रयास र गहन छलफलपश्चात् असार २७ गते ‘नेकपा (एमाले) मा विद्यमान समस्या समाधान सम्बन्धी प्रस्ताव’ (१० बुँदे प्रस्ताव) तयार गऱ्यो । कार्यदलबाट असार २८ गते अध्यक्ष कमरेड केपी शर्मा ओली समक्ष प्रस्तुत उक्त प्रस्तावलाई पार्टी स्थायी कमिटी र केन्द्रीय कमिटीले यसअघि नै ग्रहण र अनुमोदन गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरिसकेको थियो । यद्यपि यसबीचमा माधवकुमार नेपालसहितका केही व्यक्तिहरूले उक्त प्रस्तावलाई अस्वीकार गर्दै पार्टीबाट अलगिएको यथार्थ पनि सर्वविदितै छ ।

प्रस्तावलाई कार्यान्वयन गर्ने प्रक्रिया अनुरुप भदौ ८ गते पार्टी स्थायी कमिटीको बैठक आयोजना गरिएको थियो । कार्यदलका सदस्यहरू सहित विगत केही समय यता पार्टीका बैठकहरूमा सहभागी हुन नसक्नु भएका स्थायी कमिटीका कमरेडहरू समेतको यस बैठकमा सहभागिता थियो । यसैगरी भदौ १० गते आयोजित केन्द्रीय कमिटीको बैठकमा पनि एकताको पक्षमा रहनुभएका कमरेडहरूको सहभागिता थियो । बैठकमा अध्यक्ष कमरेडले पार्टीमा उत्पन्न समस्या समाधानका लागि भएका विभिन्न प्रयासका पृष्ठभूमिमा पार्टीका अधिकांश कमरेडहरू सहभागी हुनुभएकोमा सन्तोष व्यक्त गर्नुभयो । सहभागी कमरेडहरूलाई हार्दिक स्वागत गर्दै विभाजनको विपक्षमा र पार्टी एकताको रक्षाका लागि गर्नुभएको योगदानका लागि

सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैठकले अथक प्रयासका बाबजुद नेकपा (एमाले) र माओवादी केन्द्र बीच भएको पार्टी एकता जोगाउने प्रयास सफल हुन नसकेको, पार्टी एकतामात्रै नभएर गठबन्धन समेत भत्किएको असहज अवस्थाको सक्षिप्त समीक्षा गर्दै पार्टीमा अझ उन्नतस्तरको एकता, पारस्परिक विश्वास र समझदारीको खाँचो रहेको कुरामा जोड दिएको छ । बैठकले मूलतः पुष्पकमल दहाल 'प्रचण्ड' का कारण पार्टी एकता जोगिन नसकेको भए तापनि पार्टीले एकीकरणको श्रृंखलालाई जारी राखेको, माओवादी केन्द्र पृष्ठभूमिका कमरेडहरू राजनीतिक जोखिम मोलेर पनि एकीकरणको पक्षमा उभिनुभएको र पार्टी एकतालाई सुदृढ गर्ने सिलसिलामा यस यथार्थलाई ध्यानमा राख्न आवश्यक रहेको निष्कर्ष निकालेको छ । बैठकले विभाजन होइन, एकीकरण र एकता नै नेकपा (एमाले) को संस्कार एवं परम्परा भएको कुरामा जोड दिएको छ । आगामी दिनमा पनि यसका लागि प्रयास जारी राख्ने र नेकपा (एमाले)लाई नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार र नेतृत्वदायी शक्तिका रुपमा थप सशक्त बनाउँदै लैजाने अठोट गरेको छ ।

बैठकले '१० बुँदे' प्रस्तावलाई रचनात्मक ढंगले कार्यान्वयन गर्दै पार्टी एकतालाई सुदृढ गर्ने संकल्प गरेको छ । यसका लागि देहाय बमोजिमका निर्णय गरिएका छन्-

(क) पार्टीको पक्षमा रहेर क्रियाशील हुने केन्द्रीय कमिटी, केन्द्रीय निकाय, प्रदेश समन्वय कमिटी, जिल्ला कमिटी लगायत सबै तहका स्थानीय पार्टी कमिटी र जनसंगठनका सबै तहका पदाधिकारी र सदस्यहरूलाई पार्टीको एकता र जीवन्ततालाई ध्यान दिँदै एकीकरणको महान् कार्य र भावनामा चोट नपर्ने गरी एकीकरण पूर्वको स्थिति अर्थात जेठ २ गतेको अवस्थामा फर्किएको यथार्थलाई समेत ध्यानमा राखी कार्य गर्न निर्देशित गर्ने । यसका लागिः

- प्रदेश, जिल्ला र सो मातहतका कमिटीहरूका साथै जनसंगठनहरुमा नेकपा (एमाले)मा विद्यमान समस्या समाधानसम्बन्धी दस बुँदे प्रस्ताव कार्यान्वयनका लागि सहजीकरण गर्न देहाय बमोजिमको जिम्मेवारी निर्धारण गरिएको छः
    - प्रदेश नं. १ : भीमप्रसाद आचार्य, सुवासचन्द्र नेम्वाङ, शेरधन राई, देवराज घिमिरे, टंक आङ्बोहाङ ।
    - प्रदेश नं. २ : सत्यनारायण मण्डल, रघुवीर महासेठ, प्रभु शाह, सुमन प्याकुरेल, ज्वाला कुमारी साह ।
    - बागमती प्रदेश : अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, काशीनाथ अधिकारी, आनन्द पोखरेल ।
    - गण्डकी प्रदेश : किरण गुरुङ, पृथ्वीसुब्बा गुरुङ, जगत विश्वकर्मा, लीलबहादुर थापा ।

- लुम्बिनी प्रदेश : विष्णुप्रसाद पौडेल, शंकर पोखेल, टोपबहादुर रायमाझी, दलबहादुर राना, लीला गिरी ।
- कर्णाली प्रदेश : युवराज ज्ञवाली, यामलाल कँडेल, गोरख बोगटी, धर्मराज रेग्मी ।
- सुदुरपश्चिम प्रदेश : भीमबहादुर रावल, लेखराज भट्ट, कर्णबहादुर थापा ।
- जनसंगठनहरू : ईश्वर पोखरेल, विष्णुप्रसाद पौडेल, गोकर्ण बिष्ट र टोपबहादुर रायमाझी ।

(ख) नेकपा (एमाले)मा विद्यमान समस्या समाधानसम्बन्धी दस बुँदे प्रस्तावमा आधारित निर्णयहरू कार्यान्वयनका क्रममा उत्पन्न हुनसक्ने समस्या समाधान गर्न, केन्द्रीय कमिटीमा सदस्य मनोनयन गर्न, केन्द्रीय निकाय तथा विभागहरूलाई पूर्णता दिने विषयमा आवश्यक गृहकार्य गर्न कमरेडहरू भीमबहादुर रावल, ईश्वर पोखरेल, विष्णुप्रसाद पौडेल, घनश्याम भूसाल, सुरेन्द्र पाण्डे र लेखराज भट्टलाई जिम्मेवारी दिने ।

(सन्दर्भका लागि दस बुँदे प्रस्ताव यही अपानिका साथ संलग्न गरिएको छ ।)

**२. पार्टी सदस्यता नवीकरण सम्बन्धमा:**

२०७५ जेठ २ गतेसम्मका, एकीकरणका क्रममा आबद्ध भएका र २०७५ जेठ ३ गते पछिका पार्टी सदस्यहरूको सदस्यतालाई आधार मानी सम्बन्धित जिल्ला कमिटीले सदस्यता नवीकरण गर्ने । नवीकरण गर्दा २०७७ चैतदेखि २०७८ चैत सम्मको १३ महिनाको सदस्यता शुल्क लिने । २०७८ असोज मसान्त सम्ममा सदस्यता नवीकरण सम्पन्न गर्ने । यसक्रममा नयाँ सदस्यता प्रदान गर्न सकिने, तर विद्यमान व्यवस्था अनुसार २०७७ चैत समान्त सम्ममा सदस्यता प्राप्त गरेका सदस्यहरूलाई मात्र पार्टीको आगामी विधान महाधिवेशन तथा राष्ट्रिय महाधिवेशनमा चुन्ने तथा चुनिने अधिकार रहने ।

**३. पार्टीको विधान महाधिवेशन तथा राष्ट्रिय महाधिवेशन सम्बन्धमा:**

पार्टीको नवौं राष्ट्रिय महाधिवेशनबाट हामीले पार्टीमा विधि तथा नीतिका बारेमा निर्णय गर्न विधान महाविधेशनको विशेष व्यवस्था गरेका छौं । यसका अतिरिक्त हामीले मुलुकको संवैधानिक व्यवस्थ र पार्टी विधानको व्यवस्था बमोजिम आगामी २०७९ वैशाख अगावै पार्टीको राष्ट्रिय महाधिवेशन सम्पन्न गरिसक्नुपर्ने छ । विधिको शासनमा विश्वास गर्ने पार्टीले आफ्नो आन्तरिक जीवनलाई पनि मुलुकको कानुन र पार्टीको विधानसम्मत बनाउनै पर्छ । तसर्थ-

(क) पार्टीको विधान महाधिवेशन आगामी असोज ४, ५ र ६ गते काठमाडौंमा आयोजना गर्ने ।

(ख) पार्टीको राष्ट्रिय महाधिवेशन आगामी मंसिर १० ,११ र १२ गते काठमाडौंमा आयोजना गर्ने ।

(ग) विधान महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजहरू माथि छलफल गर्न स्थायी कमिटी र केन्द्रीय कमिटीको बैठक यही महिनाको अन्तिम साता आयोजना गर्ने ।

**४. पार्टीका स्थानीय अधिवेशनका सम्बन्धमाः**

२०७८ फागुनबाट सुरु हुने स्थानीय तहको निर्वाचनलाई ध्यानमा राखेर पार्टीका स्थानीय तहका अधिवेशनहरू यथाशीघ्र सम्पन्न गर्न र पार्टीलाई आधारभूत तहबाटै सुदृढ, व्यवस्थित र चुस्त बनाउन आवश्यक छ । यसका लागि आगामी कात्तिक ६ गते मुलुकका सबै वडाहरूमा र कात्तिक ९ गते सबै पालिकाहरूमा सम्बन्धित तहका अधिवेशन आयोजना गर्ने निर्णय गरिएको छ । यी कमिटीहरूका संरचना र अन्य व्यवस्था विधान महाधिवेशनले गरेको व्यवस्था अनुसार हुनेछ ।

**५. कार्यकर्ता भेला तथा अभिमुखीकरण सम्बन्धमाः**

नेकपा (एमाले)मा विद्यमान समस्या समाधानसम्बन्धी दस बुँदे प्रस्ताव कार्यान्वयनसँगै सिर्जना भएको एकताको सन्देश पार्टीपंक्तिमा सम्प्रेषित गर्न, माधव नेपाल समूहका पार्टी विरुद्धका विग्रह र विभाजनकारी गतिविधिबारे पार्टीपङ्क्तिलाई स्पष्ट पार्न, आपसी एकतालाई सुदृढ गर्न र पार्टीलाई आगामी चुनौतीको सामना गर्नसक्ने गरी वैचारिक, राजनीतिक, संगठनात्मक रुपले तयार गर्न यही भदौको तेस्रो साता सबै भौगोलिक जिल्लाहरू र जनसंगठनका केन्द्रीय तहमा बृहद् कार्यकर्ता भेला र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । कार्यकर्ता भेला तथा अभिमूखीकरण कायर्कक्रलाई सफल तुल्याउन सम्बन्धित प्रदेश र जिल्ला कमिटीहरूका बैठक आयोजना गर्ने । ती कार्यक्रममा अतिथि वक्ता र प्रशिक्षकहरूको व्यवस्था पार्टी केन्द्रले गर्नेछ ।

**६. निष्काशन तथा अभिलेखबाट नाम हटाउने सम्बन्धमाः**

बैठकले विभाजनकारी गतिविधिमा संलग्न भई अलग दल दर्ताका लागि उपस्थित भएर सनाखत गर्ने पार्टीका केन्द्रीय कमिटीका सदस्य र मातहतका सदस्यलाई निष्काशन गर्दै निजहरूको नाम पार्टीको अभिलेखबाट हटाउने निर्णय गरेको छ ।

**७. संवैधानिक निकायहरूबाट भएका कानुन विपरीतका कार्यहरूको कानुनी प्रतिवाद सम्बन्धमाः**

नेकपा (एमाले) विभाजनको सुनियोजित मनशायका साथ निर्वाचन आयोगले अनुपस्थित नेताहरूको समेत सनाखत गर्ने, पार्टीले कारबाही र निष्काशनको सूचना दिइसकेका व्यक्तिहरूको नाम समेत सनाखतमा गणना गर्ने जस्ता गैरकानुनी काम गरेको देखिएको छ । बैठकले पार्टी विभाजनका लागि संवैधानिक निकायबाट भएका यस्ता गैरकानुनी कार्य विरुद्ध कानुनी प्रतिवाद गर्ने निर्णय गरेको छ । त्यसैगरी पार्टी तथा दलको निर्णय, निर्देशन र ह्वीप उल्लंघन गरेवापत दलका सदस्यहरूलाई गरिएको

कारबाहीको हाम्रो पार्टीको सूचनालाई बेवास्ता गर्दै विभाजनका लागि सहयोग पुऱ्याउने सभामुखको भूमिकाको विरोध गर्ने निर्णय गरेको छ ।

**८. पार्टी एकताको पक्षमा उभिन र विभाजनकारी गतिविधिको विरोध गर्न आह्वानः**

(क) बैठकले पार्टी एकताको पक्षमा दृढतापूर्व उभिन र विभाजनकारी गतिविधिको सशक्त विरोध गर्न पार्टीका नेता र कार्यकर्ताहरूलाई आह्वान गरेको छ । कुनै हिसाबले विगतमा यस्तो गतिविधिमा संलग्न भएको भए पनि त्यसबाट अलग भएर पार्टीको पक्षमा उभिन तयार हुनेहरूलाई बिना भेदभाव पार्टीमा स्वागत गर्ने निर्णय गरेको छ ।

(यस सम्बन्धमा पार्टी स्थायी कमिटीबाट पारित विशेष प्रस्ताव यसैसाथ संलग्न गरिएको छ ।)

(ख) पार्टी विभाजनको दुराशयबाट साथ हालै जारी अध्यादेशमा स्थानीय तहका जनप्रतिनिधिहरूले समेत दल त्याग गर्नसक्ने प्रावधान राखिएको छ । अध्यादेशको उक्त प्रावधान संविधानको अक्षर र भावना विपरीत रहेको निष्कर्षसहित बैठकले उक्त व्यवस्थाको कानुनी प्रतिवाद गर्ने निर्णय गरेको छ । यसका साथै २१ दिनसम्म प्रदेशसभा सदस्यहरू तथा स्थानीय तहका जनप्रतिनिधिहरूले दल छनोट गर्न पाइने भनी जारी गरिएको सूचनाबाट प्रभावित नहुन, पार्टीमा विभाजन र विखराव ल्याउने प्रयासका विरुद्ध दृढतापूर्वक उभिन र पार्टीको पक्षमा सक्रिय भूमिका निर्वाह गर्न हाम्रो पार्टीको तर्फबाट निर्वाचित सबै प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिधिहरूलाई बैठकले निर्देशित गरेको छ ।

**९. अख्तियारी सम्बन्धमा**

केन्द्रीय कमिटीको बैठकले उपरोक्त निर्णयहरू कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यकता अनुसार थप निर्णय गर्ने अधिकार स्थायी कमिटीलाई प्रदान गरेको छ ।

**१०. समसामयिक राजनीतिक विषयका सम्बन्धमाः**

समसामयिक राजनीतिक प्रश्नमा पार्टीका दृष्टिकोणहरू प्रस्तुत गर्न पार्टीले भदौ ९ गते पत्रकार सम्मेलन आयोजना गरेको थियो, जसमा अध्यक्ष कमरेडले महत्वपूर्ण संवोधन गर्नुभएको छ । उक्त पत्रकार सम्मेलनमा अध्यक्षको तर्फबाट जारी वक्तव्य कमरेडहरूको जानकारीका लागि यसैसाथ संलग्न गरिएको छ ।

**११. बधाई तथा शुभकामनाः**

पार्टीमा एकताको सन्देश सम्प्रेषित गर्ने गरी हालै बागमती प्रदेशमा कमरेड अष्टलक्ष्मी शाक्य र प्रदेश नं १ मा कमरेड भीमप्रसाद आचार्य मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ । बैठकले नवनियुक्त मुख्यमन्त्रीहरूलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेको छ । नेतृत्व

हस्तान्तरणको सहज व्यवस्था गर्नुहुने निवर्तमान मुख्यमन्त्रीहरू कमरेड डोरमणि पौडेल र कमरेड शेरधन राईलाई धन्यवाद ज्ञापन गरेको छ ।

**कमरेडहरू,**

पार्टीभित्रका केही स्वार्थी र विभाजनकारी व्यक्तिहरूका क्रियाकलाप तथा पार्टी बाहिरका विभिन्न शक्ति/तत्वहरूका षडयन्त्रका कारण पार्टीले असहज स्थितिको सामना गर्नुपरेको छ । पार्टीको भूमिका बदलिएको छ र हामी सत्तापक्षबाट प्रतिपक्षमा रुपान्तरित भएका छौं । संविधानको अपव्याख्या एवं विभिन्न स्वार्थ-समूहहरूको गठबन्धनको बलमा मुलुकमा अगाडि बढेको सामाजिक-आर्थिक रुपान्तरणको अभियानलाई अवरुद्ध गर्ने र राष्ट्रिय राजनीतिलाई पछाडि फर्काउने असंवैधानिक र अलोकतान्त्रिक प्रयास तीव्र पारिएको छ । यस घटनाले मुलुकको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक प्रणाली, संवधानिक सुव्यवस्था र जनताको सर्वोच्चता माथि चुनौती खडा गरेको छ । हाम्रो पार्टीले यस परिस्थितिको संवैधानिक, लोकतान्त्रिक र जनपरिचालनका विधिबाट सामना गर्ने अठोट गरेको छ । स्वार्थहरूको गठजोड एवं ईष्या, कुण्ठा र प्रतिशोधको भावनामा उभिएको वर्तमान सत्तापक्षीय गठबन्धन आधारभूत रुपमा अवसरवादी एवं दक्षिणपन्थी चरित्रको छ । यसले मुलुकको समस्या समाधान गर्न नसक्ने, बरु मुलुकलाई पश्चगामी दिशातिर फर्काउने आशंका बलियो बन्दै गएको छ । यस्तो परिस्थितिमा हामीले नेकपा (एमाले) लाई जनमतको बलमा राष्ट्रिय राजनीतिको नेतृत्वदायी स्थानमा स्थापित गर्ने संकल्प गरेका छौं । यसका लागि पार्टीको आन्तरिक एकतालाई सबल बनाउन, विगतका आरोह-अवरोहबाट गम्भीर शिक्षा लिन र आसन्न चुनौतीलाई सामना गर्न पार्टीलाई वैचारिक, राजनीतिक, संगठनात्मक र भावनात्मक रुपमा तम्तयार राख्न सबै कमरेडहरूलाई सक्रिय योगदान गर्न निर्देशित गरिन्छ ।

**केपीशर्मा ओली**
**अध्यक्ष**

**मितिः** २०७८ भदौ १३

### अनुसूची- १

## नेकपा (एमाले)मा विद्यमान समस्या समाधान सम्बन्धी प्रस्ताव

विगत केही समययता पार्टीभित्र देखापरेका असहज र असामान्य अन्तरविरोधले गर्दा देशभरिका पार्टी कार्यकर्ता र समर्थक-शुभेच्छुकहरू चिन्तित छन् । यसबाट नेकपा (एमाले)को आन्तरिक जीवन मात्र होइन, मुलुकको राजनीतिक स्थायीत्व, अग्रगति र एकता समेत कमजोर हुने हो कि भन्ने आशंका बढेर गएको छ । यस्तो स्थितिको अविलम्ब अन्त्य र विद्यमान समस्याहरूको समाधान गरी पार्टीलाई एकतावद्ध एवम् सुदृढ बनाउन पार्टीका सबै नेता-कार्यकर्ताहरूले सकारात्मक योगदान गर्नु आवश्यक छ । यही निष्कर्षलाई आत्मसात गर्दै पार्टीको एकताको रक्षा, विकास र सुदृढीकरणका लागि निम्न लिखित निर्णय गरिएको छ :

१. केही समययता पार्टीका आन्तरिक अन्तरविरोधहरू पार्टीको दायराभन्दा बाहिर पुगेका छन् र कतिपय सन्दर्भमा कटुतापूर्ण तथा एकअर्काप्रति निषेधात्मक बन्दै गएका छन् । यस्ता अन्तरविरोधहरूलाई पार्टी भित्रै विधिसम्मत ढंगले समाधान गर्दै अघि बढ्न हामी सहमत भएका छौं ।

२. पार्टीका सबै तहका कमिटी, निकाय र जनसंगठनहरू नवौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक कार्यदिशा र विधानको व्यवस्था बमोजिम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुनुपूर्व २०७५ साल जेठ २ गतेको (जेठ ३ गतेको केन्द्रीय कमिटीमा सदस्यहरू मनोनयन गर्ने निर्णय सहित) संगठनात्मक अवस्थाबाट क्रियाशील हुनेछन् ।

३. २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतको फैसलाबाट नेकपा (एमाले) पुनर्जीवित भएपछिका पार्टीको वैधानिक व्यवस्था तथा एकतासँग मेल नखाने कुनै पनि तर्फका राजनीतिक र संगठनात्मक काम कार्यवाहीहरू स्वतः बदर भएका छन् ।

४. २०७७ साल फागुन २३ गतेको सर्वोच्च अदालतको फैसला पछि नेकपा (एमाले)मा रहने कमरेडहरूको निर्णयलाई स्वागत गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा रहँदा स्थायी कमिटी र केन्द्रीय कमिटीमा रहनुभएकालाई सोही कमिटीको सदस्यको जिम्मेवारी निर्धारण गरिएको छ । अन्य कमरेडहरूलाई उहाँहरू नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा रहँदा सरहको कमिटीमा संगठित गरिने छ ।

५. पार्टीमा महत्वपूर्ण योगदान गर्नु भएका कमरेडहरूलाई मौजुदा केन्द्रीय कमिटीको कूल सदस्य संख्याको १० प्रतिशतमा नबढ्ने गरी उक्त कमिटीमा मनोनित गरिनेछ ।

६. प्रतिनिधिसभाको विघटन सम्बन्धी सर्वोच्च अदालतमा विचाराधीन मुद्दा र सरकारका सम्बन्धमा पार्टी एकताको मर्म र भावनाका आधारमा विधिसम्मत एवम् संस्थागत निर्णय अनुरुप हामी अगाडि बढ्नेछौं ।

७. पार्टी तथा जनसंगठनहरू पूर्ववत अवस्थामा क्रियाशील हुने क्रममा उत्पन्न हुनसक्ने समस्याको निराकरण गर्न र सदस्यता नवीकरण, महाधिवेशन तथा विभिन्न तहका अधिवेशनका सम्बन्धमा सुझाव दिन कार्यदल गठन गरिनेछ ।

८. यी निर्णयहरु आवश्यकता अनुसार अनुमोदनका लागि यथाशीघ्र विधान महाधिवेशन आयोजना गरी प्रस्तुत गरिनेछ ।

९. पार्टी, संसदीय दल र जनसंगठनहरुलाई विधि र पद्धतिसम्मत किसिमले उच्च समझदारीका साथ सञ्चालन गर्दै एकता, क्रियाशीलता र मर्यादाको अभिवृद्धि गरिनेछ । यसका लागि एकताबद्ध भई आ-आफ्नो स्थानबाट सक्रियतापूर्वक योगदान गर्न समस्त पार्टीपंक्तिलाई आह्वान गरिएको छ ।

१०. कार्यदलको सिफारिस कार्यान्वयनका लागि तत्काल पार्टी स्थायी कमिटीको बैठक आयोजना गर्न अध्यक्ष एवं महासचिव कमरेडलाई अनुरोध गर्ने ।

**- २०७८ असार २७**

अनुसूची–२

# नेकपा (एमाले) स्थायी कमिटीको बैठकबाट पारित विशेष प्रस्ताव

पार्टी निर्माण, विस्तार र एकीकरण नेकपा (एमाले) को मूलभूत विशेषता हो। पार्टीमा कुनै पनि समस्या सिर्जना हुँदा अन्तरपार्टी छलफलका माध्यमबाट समाधान खोज्ने र अझ उन्नत स्तरको एकता कायम गर्दै अगाडि बढ्ने यस पार्टीले विकास गरेको संस्कृति हो। विभिन्न समूहमा छरिएका वामपन्थीहरूलाई एकताको प्रवाहमा समेट्दै अगाडि बढ्ने सिलसिलामा नेकपा (एमाले) मुलुककै सबैभन्दा ठूलो राजनीतिक पार्टी, कम्युनिष्ट आन्दोलनको मूलप्रवाह र लोकतान्त्रिक आन्दोलनकै नेतृत्वदायी शक्ति बन्न पुगेको हो। संविधानको रक्षा र विकास, लोकतन्त्रको सुदृढीकरण, राष्ट्रिय एकताको सम्बर्द्धन, राष्ट्रियताको संरक्षण, सामाजिक न्याय र समृद्धिको प्रत्याभूति तथा समाजवादको आधारभूमि निर्माण जस्ता मुलुकका सर्वाधिक महत्वपूर्ण कार्यभार आज यसै पार्टीको काँधमा छन्। वैचारिक रुपमा सुस्पष्ट र संकल्पबद्ध, संगठनात्मक रुपमा एकतावद्ध तथा कमरेडली समभावमा आवद्ध नेकपा (एमाले) बाट मात्रै यी ऐतिहासिक अभिभाराहरू पूरा हुन सम्भव छ।

तर विगत केही समय यता पार्टीभित्र देखा परेका समस्या, कटुता, अन्तरविरोध र अस्वस्थताले पार्टीका नेता-कार्यकर्ता, सदस्यहरू र यसप्रति भरोसा राख्ने आम जनसमुदायलाई चिन्तित तुल्याएको छ। परिवर्तनको संवाहक र जनतामा सर्वाधिक लोकप्रिय शक्ति विभाजित हुँदा राजनीतिक स्थायित्व र लोकतन्त्र, समृद्धि एवम् सामाजिक न्यायको भविष्यमै सिर्जना हुनसक्ने दुष्परिणामको आशंकाले सिंगो राष्ट्र गम्भीर बनेको छ।

नेकपा (एमाले) को एकता यस पार्टीका लाखौं सदस्य र समर्थक-शुभचिन्तकहरूको मात्रै होइन, आम जनता र देशकै चाहना हो। प्रतिक्रियावादी, पश्चगामीहरू र अस्थिरताका संवाहकहरूको चाहना भने यसको विभाजन र विखण्डन हो। यसका लागि उनीहरूका तर्फबाट भइरहेका प्रयासहरू सबैका सामु स्पष्ट छन्। जीवन्त र लोकतान्त्रिक पार्टीभित्र समस्याहरू उत्पन्न हुनु, समस्यालाई हेर्ने दृष्टिकोणमा भिन्नता हुनु र कतिपय प्रश्नमा असहमति पैदा हुनु स्वाभाविकै हो। तर समस्याको विकल्प विग्रह होइन। त्यसरी नै, भिन्नताको निष्कर्ष अन्तरद्वन्द्व होइन। असहमतिको समाधान विभाजन त झन् हुँदै होइन। पार्टीको आन्तरिक जीवनमा उच्च लोकतान्त्रिक अभ्यास गर्दै आएको नेकपा (एमाले) भित्र समस्याको सकारात्मक समाधान खोज्ने, भिन्नतालाई उन्नत स्तरको एकतामा रुपान्तरित गर्ने र असहमतिहरूलाई स्वस्थ र रचनात्मक वहसका माध्यमबाट उच्च तहको सहमतिमा बदल्न सक्ने भरपर्दो आधार र सामर्थ्य विद्यमान छ। मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शन, समाजवाद निर्माणको

साझा संकल्प र देश र जनताप्रतिको अविचलित निष्ठाका जगमा हामीले समाधान गर्न नसक्ने कुनै आन्तरिक समस्याहरू छैनन् ।

तसर्थ, नेकपा (एमाले) बाट विभाजित भएर अलगै पार्टी दर्ता गर्ने प्रयास गरिरहेका कमरेडहरूलाई हामी आग्रह गर्छौं- मुलुकका सामु उपस्थित असाधारण सम्भावना र अकल्पनीय चुनौतीप्रति संवेदनशील हुँदै, पार्टीको काँधमा उपस्थित ऐतिहासिक अभिभाराप्रति सचेत रहँदै, असफलता अवश्यंभावी रहेको त्यस्तो गलत, हानीकारक बाटो छाडेर पार्टी एकतामा आबद्ध हुनुहोस्, आफ्नो मूलघरमा फर्किनुहोस् । विभाजनकारी गतिविधि र अलग दल दर्ताको प्रक्रियाबाट अलग भएर पार्टी एकतामा योगदान गर्ने कमरेडहरूलाई पार्टीमा हार्दिक स्वागत गरिने र यस अघिका कुनै पनि क्रियाकलापलाई लिएर पूर्वाग्रह नराखिने र भेदभाव या कारबाही नहुने पनि स्पष्ट पार्न चाहन्छौं ।

तसर्थ पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता, सदस्य र शुभेच्छुकहरूलाई पार्टीको एकता र अग्रगतिका निम्ति आ- आफ्नो स्थानबाट अधिकतम योगदान गर्न तथा असहमति प्रकट गर्दा मर्यादित र संयमित रुपमा प्रस्तुत हुन आह्वान गर्दछौं ।

**- २०७८ भदौ ८ गते**

## अनुसूची- ३

## नेकपा (एमाले) द्वारा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष केपी शर्मा ओलीद्वारा जारी वक्तव्य

उपस्थित सहयोद्धा कमरेडहरू तथा सञ्चारकर्मी साथीहरू ।

हिजो सम्पन्न स्थायी कमिटीको बैठकका निर्णयहरूका सम्बन्धमा औपचारिक जानकारी दिन र समसामयिक राजनीतिक घटनाक्रमका बारेमा पार्टीको दृष्टिकोण स्पष्ट पार्न आयोजित पत्रकार सम्मेलनमा उपस्थित यहाँहरू सबैलाई सर्वप्रथम हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

१. नेकपा (एमाले) को आन्तरिक जीवनमा विगत केही समय यता असामान्य स्थिति सिर्जना भएको यथार्थसँग हामी सबै परिचित छौं । पार्टीभित्र उत्पन्न समस्या, कटुता र अस्वस्थताका कारण पार्टीले राजकीय भूमिका र संगठनात्मक क्षेत्र दुबैमा ठूलो क्षति बेहोर्नु परेको छ । पार्टीभित्र लामो समयदेखि जारी समस्याहरूलाई समाधान गर्दै पार्टीलाई एकतावद्ध बनाउन हामीले यसबीचमा अनेकौं प्रयासहरू गर्‍यौं, पहलकदमी लियौं । कार्यदल बनायौं । पार्टीको एकतालाई कायम राख्न र थप सुदृढ बनाउन तथा पार्टीलाई विभाजित हुन नदिन सकारात्मक योगदान गर्ने कार्यदलका सदस्यहरू एवं अन्य सबै कमरेडहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२. मुलुकका सामु उपस्थित चुनौतीको सामना गर्न पार्टीलाई वैचारिक, राजनीतिक र संगठनात्मक रुपले तम्तयार बनाउने हिसाबले हिजो सम्पन्न स्थायी कमिटीको बैठक विशेष र महत्वपूर्ण रह्यो । बैठकमा हामीले पार्टीभित्र विद्यमान समस्याको समाधान गर्न कार्यदलले तयार गरेको र यसअघि नै पार्टी स्थायी कमिटी तथा केन्द्रीय कमिटीले ग्रहण, अनुमोदन तथा कार्यान्वयन गर्ने निर्णय गरेको दश बुँदे सुझाव प्रस्तावलाई कार्यान्वयन गर्ने ठोस कार्यसूची र तालिका निर्धारण गरेका छौं । 'दश बुँदे' प्रस्तावलाई सिर्जनात्मक ढब्गले लागू गर्दै पार्टी अगाडि बढ्ने छ । सब्गठनात्मक क्षेत्रमा हाम्रो समग्र ध्यान अब असोज पहिलो हप्ता हुने विधान महाधिवेशन तथा मंसिर दोस्रो साता आयोजना हुने राष्ट्रिय महाधिवेशनमा केन्द्रित छ । यस अगाडि नै हामीले पार्टी सदस्यता नवीकरण, परिवर्तित सन्दर्भका बारेमा पार्टीपङ्क्तिलाई दिशानिर्देश गर्न राष्ट्रव्यापी अभिमुखीकरण तथा वडा एवं पालिका स्तरका अधिवेशनहरू सम्पन्न गरिसक्ने छौं । यी सबै कामहरूले पार्टीलाई वैचारिक रुपमा स्पष्ट, संगठनात्मक रुपमा चुस्त, भावनात्मक रुपमा एकतावद्ध तथा साझा लक्ष्यप्रति संकल्पबद्ध बनाउने छ भन्ने हाम्रो विश्वास छ । यस सम्बन्धी पार्टीका निर्णयहरू हिजै यहाँहरू समक्ष सार्वजनिक भइसकेका छन् ।

३. नेकपा (एमाले) नेपाली कम्युनिष्ट आन्दोलनको मूलप्रवाह हो। हामीले हिजो ठूलो विश्वास र भरोसाका साथ नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच पार्टी एकीकरण गरेका थियौं। यो २०२८ सालदेखि नै झापा आन्दोलन र केन्द्रीय न्युक्लियसका रुपमा दुई भँगालोमा बाँडिएका आन्दोलनका दुई धारबीचको एकता थियो, कम्युनिष्ट आन्दोलनका अग्रजहरूको अधुरो सपनाको कार्यान्वयन थियो। तर केही व्यक्तिका उग्र महत्वकांक्षा, विभाजनकारी सोच, अस्थिर चरित्र तथा कब्जा तथा उपयोगको नीतिका कारण उक्त एकीकरण निष्कर्षमा पुग्न सकेन। २०७७ फागुन २३ को सर्वोच्चको फैसलापछि पनि माओवादी केन्द्र पृष्ठभूमिका महत्वपूर्ण कमरेडहरू पार्टी विभाजनको विपक्षमा र एकताको पक्षमा दृढतापूर्वक उभिनुभएको छ। उहाँहरूको यस निर्णयलाई हार्दिक स्वागत गर्दै दस बुँदेमा समेत एकताको पक्षमा उभिनुभएका कमरेडहरूको निर्णयलाई स्वागत गर्ने र उहाँहरूको पूर्ववत जिम्मेवारी कायम राख्ने प्रस्ताव गरिएको छ। दस बुँदे प्रस्तावलाई कार्यान्वयन गर्ने क्रममा आजको नेकपा (एमाले) नेकपाकै निरन्तरताको रुपमा रहेको, यसले नेकपाको बिरासत आत्मसात गरेको र पार्टी निर्माण, विस्तार र एकीकरण पार्टीको विशेषता र संस्कृति रहेको कुरालाई आत्मसात गर्दै रचनात्मक दृष्टिकोण अवलम्बन गरिनेछ।

४. बलियो, एकताबद्ध तथा सुदृढ नेकपा (एमाले) पार्टीपङ्क्तिको मात्र होइन, राजनीतिक स्थायित्व, लोकतन्त्र र अग्रगमनका पक्षधर आम जनताको समेत चाहना हो। लोकतन्त्रका आधारस्तम्भका रुपमा रहेका पार्टीहरू विभाजित हुँदा कसरी यसको मूल्य सिंगो प्रणाली र राष्ट्रले नै चुकाउनुपर्छ भन्ने निकट अतीतका अनुभवहरू हामी सबैका स्मरणमा ताजै छन्। तसर्थ, नेकपा (एमाले) बाट अलगिएर छुट्टै दल दर्ताको प्रक्रियामा रहेका नेता/कार्यकर्ताहरूलाई असफलता अवश्यंभावी रहेको उक्त हानीकारक बाटो छाडेर पार्टीको मूलघरमा फर्किन स्थायी कमिटीले औपचारिक आह्वान गरेको छ। यस कुरालाई पुनः स्मरण गर्दै म साथीहरूलाई विभाजनको प्रयासलाई अन्त्य गर्न आग्रह गर्दछु। यसो गर्दा विगतका कुनै क्रियाकलाप या गतिविधिलाई लिएर कुनै पूर्वाग्रह नराखिने या कुनै विभेद या कारबाही नहुने पनि दोहोऱ्याउन चाहन्छु। सन्दर्भका लागि बैठकको आह्वान यसैसँग संलग्न गरिएको छ।

५. मुलुकका संवैधानिक अंगहरूको भूमिका लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्ने हुनुपर्छ, यसलाई कमजोर गर्ने होइन। तर पछिल्ला कतिपय घटनाक्रमहरूबाट नेकपा (एमाले) गम्भीर र चिन्तित भएको छ। अदालतको परमादेशबाट शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्त नराम्रो गरी खलबलिएको, जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोगको बाटो अवरुद्ध गरिएको, दलीय प्रणालीका आधारभूत संरचनामाथि प्रहार गर्दै निर्दलीय अभ्यास सुरु गरिएको तथा यसबाट संविधानको आधारभूत प्रस्थापनामाथि नै आँच पुऱ्याइएको बारेमा हामीले पार्टीको दृष्टिकोण सार्वजनिक गरिसकेका छौं। यसका दुष्परिणामहरू देखापर्न थालिसकेका छन्। संसदको अधिवेशन

चलिरहेको र सभामुखले आगामी बैठकका कार्यभारबारे सदनलाई जानकारी गराइसकेको पृष्ठभूमिमा हठात् अधिवेशन अन्त्य गरेर रातारात दल विभाजन सम्बन्धी अध्यादेश जारी गरिएको छ। उद्देश्य स्पष्ट छ, प्रमुख प्रतिपक्ष दललाई जसरी पनि विभाजित गर्ने। दूषित मनशाय र संविधानको ठाडो उल्लंघनका साथ ल्याइएको यो अध्यादेश अलोकतान्त्रिक, असंसदीय र विकृत राजनीतिको भद्दा दृष्टान्त हो। तर आज एमाले विभाजनको दुराशयका साथ चालिएको कदमका दूरगामी नकारात्मक प्रभावहरू मुलुकको बहुदलीय प्रणालीमाथि नै पर्ने छन्।

६. अनुशासनहीनता र पार्टी विभाजनका गतिविधिमा संलग्न भएको स्पष्ट आधारसहित पार्टीले गरेको कार्बाहीको सूचना कानुन बमोजिम संसद् सचिवालयलाई जानकारी गराइएकोमा सभामुखबाट निकट विगतमा अन्य दलहरूले गरेका कार्वाहीको सूचना तत्काल जारी गर्ने स्थापित अभ्यास एवं कानुन विपरीत ९ दिनसम्म पनि सूचना जारी नगरी नेकपा (एमाले)को विभाजन गराइछाड्ने मनसायसाथ पत्राचार गरेको कुरा आफैंमा दुःखद् छ। यो संसदीय अभ्यास र लोकतान्त्रिक प्रणालीको बर्खिलाफ छ। यस्ता विषयहरूमा अपनाइएको दोहोरो मापदण्डप्रति नेकपा (एमाले) को गम्भीर आपत्ति र विरोध छ। तटस्थ र संवैधानिक भूमिकामा रहनुपर्ने व्यक्ति/संस्थाहरूले विवादित भूमिका खेल्नु र निश्चित पार्टीको विभाजनका सहयोगी बन्नु अस्वीकार्य विषय हो। पार्टीले यस विषयलाई अत्यन्त गम्भीर रुपमा लिएको र यसबाट उत्पन्न हुने परिणामप्रति सम्बन्धित निकाय नै जिम्मेवार हुनुपर्ने पनि म स्पष्ट पार्न चाहन्छु।

७. पार्टीले कार्बाही गरी सूचना जारी गर्न संसद् सचिवालयमा प्रस्तुत गरेको पत्र अनधिकृत रुपमा 'विचाराधीन' रहेको भनी पार्टी परित्याग गरिसकेका सांसदहरूको नाम समेत कायमै राखेर संसद् सचिवालयले निर्वाचन आयोगमा पठाएको पत्रले न्याय र यथार्थताको प्रतिनिधित्व गर्दैन। तर कम्तिमा यसले भदौ १ गते पार्टीले ९ जना केन्द्रीय सदस्य समेत १४ जना सांसदहरूलाई कारवाही गरी त्यसको सूचना संसद् सचिवालय र निर्वाचन आयोग समक्ष उसै दिन प्रस्तुत गरेको तथ्यलाई स्वीकार गरेको छ। यस्तो अवस्थामा उनीहरूको समेत संख्या जोडेर दल विभाजनका लागि सनाखत गर्न मिल्दैन। निर्वाचन आयोग जस्ता संस्थाहरू कुनै पनि दल विभाजनका लागि सहयोगी या कारक बन्नु हुँदैन भन्ने स्पष्ट पार्न चाहन्छौं।

८. जनादेशको सरकारलाई विस्थापन गरेर परमादेशबाट बनेको सरकारले प्रारम्भदेखि नै जनहितका विरुद्ध, राष्ट्रिय हितका विरुद्ध र लोकतन्त्रका विरुद्ध निर्णयहरू गरेर आफ्नो परिचय दिन सुरु गरेको छ। दल विभाजन सम्बन्धी अध्यादेशमार्फत् यसले मुलुकका पार्टीहरूलाई विभाजित गर्ने र राजनीतिमा विकृति भित्र्याउने काम सुरु गरेर आफ्नो अलोकतान्त्रिक चरित्र प्रदर्शन गरेको छ। भूमिसम्बन्धी आयोग विघटन गरेर यसले मुलुकका लाखौं भूमिहीन र सुकुम्बासीका छातीमा बुट प्रहार गर्ने र जनविरोधी वर्गचरित्र स्पष्ट पारेको छ। जयसिंह धामीको सन्दर्भमा देखाएको

लाचारीपन र युद्धग्रस्त अफगानिस्तानबाट त्यहाँ कार्यरत नेपालीहरू फर्काउने सबालमा अभिव्यक्त किंकर्त्तव्यविमुढताले यो सरकार राष्ट्रिय हितका प्रश्नमा कति गैरजिम्मेवार छ भन्ने स्पष्ट भएको छ ।

प्रमुख प्रतिपक्षका रुपमा नेकपा (एमाले) सरकारका यस्ता काम कारबाही विरुद्ध हरबखत खबरदारी र विरोध गरिरहने छ। लोकतन्त्र र संविधानको रक्षा एवं मुलुकको विकास र समृद्धिका लागि निरन्तर पहरेदारी गरिरहने छ ।

**केपी शर्मा ओली**
**अध्यक्ष**

भदौ ९, २०७८